# उदयपुरमा चालक र सहचालकलाई पोषाक अनिवार्य

जनभाव संवाददाता

गाईघाट, फागुन २८ गते उदयपुरमा सडक दुर्घटना न्युनिकरणका लागि १५ दिने महाअभियान शुक्रबारबाट सुरु भएको छ । जिल्ला प्रहरी र ट्राफिक प्रहरी कार्यालयको संयुक्त आयोजनामा आयोजित महाअभियानको उद्घाटन त्रियुगा नगरपालिकाका मेयर बलदेव चौधरीले गरेका थिए । सदरमुकाम गाईघाटमा प्रभातफेरी आयोजनापछि त्रिनगर ३ स्थित त्रियुगा बसपार्कमा औपचारिक कार्यक्रमको आयोजना गरी अभियान सुरु भएको हो । कार्यक्रममा चालक र सहचालकको पहिचानका लागि तयार पारिएको पोशाक समेत वितरण गरिएको थियो । सोअवसरमा मेयर चौधरीले सडक यातायात सुरक्षा आफ्नै लागि भएकाले दायित्व बोध हुने गरी जिम्मेवारी वहन गर्न सुझाव दिए । उनले भने, 'यात्रामा सवार ४०/५० जनाको भविष्य मात्र हैन, आफ्नो पनि जीन्दगीको सवाल छ, त्यसैले आफ्नो परिवार सम्झेर यात्रा गराउँदा सबैको भलो हुनेछ ।' उनले अभियान सुरु गर्दैमा सबैथोक नभएपनि राम्रो कामको थालनी शुभारम्भार भएको हुँदा चालक र सहचालकलाई व्यवहार र आचरणमा शुद्धता राख्न आग्रह गरे । सवारी साधन र परिचालकहरुलाई आफ्नो पेशा प्रति उत्तरदायी बनाई सडक सुशासन कायम गर्न अभियानको थालनी गरिएको कार्यक्रमका अध्यक्ष प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्की बताए । झापाको बिर्तामोडमा बिहीबार नेपाल प्रहरीका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालबाट सुरुवात भएको महाअभियान १५ औं दिनका दिन सुनसरीको धरानमा सम्पन्न हुने छ । यसअवधिमा सडक दुर्घटना र यसबाट निम्तिन सक्ने खतरा, न्युनिकरणका उपाय, अनिवार्य पोशाक कार्यान्वय, जनचेतनामूलक कार्यक्रमहरु हुने जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी चन्द्रदेव राईले बताए ।

## कटारी नगर कार्यपालिकाको कार्यालय
## कटारी उदयपुर
## १ नम्बर प्रदेश नेपाल

### कम्प्युटर, ल्यापटप तथा प्रोजेक्टर खरिद सम्बन्धी सिलबन्दि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५।११।२९ गते**

यस कटारी न. पा.का लागि संसदिय विकास कोषबाट सामुदायिक विद्यालयलाई IT सपोर्ट कार्यक्रम अन्तंरगत बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक फर्म/कम्पनी, सप्लायर्सहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कटारी नगर पालिकाको कार्यालय, कटारी, उदयपुरमा सम्पर्क राखी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दि बोलपत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र फाराम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र, कम्प्युटर तथा ल्यापटप लगाएतका सामानहरुको कारोबार गर्ने ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा आ.व.०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१५** औं दिन सम्म कार्यालय समय भित्र **रु. १०००।- अक्षरेपी रु. एक हजार मात्र** (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै रसिद निवेदनसाथ संलग्न राखी बोलपत्रदाता स्वयं उपस्थित भई वा निजको आधिकारिक मन्जुरीनामा सहितको अधिकृत प्रतिनिधीले बोलपत्र खरिद गर्न सक्नेछ ।

२) खरिद गरेको सिलबन्दि बोलपत्र रितपुर्वक भरी प्रथम पटक प्रकाशित भएको मितिले **१६** औं दिनको **१२** बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । बोलपत्र हुलाक ,कुरियर मार्फत पनि तोकिएको स्थानमा निर्धारित समय भित्र दाखिला भएमा मात्र दर्ता गरिनेछ । म्याद भित्र दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारम सोहि दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दि बोलपत्र बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।

३) सिलबन्दि बोलपत्रमा जमानत बापत आफुले कबोल गरेको कुल अंकको **२.५ प्रतिशत (अढाई प्रतिशत)** ले हुन आउने रकम बैंक जमानत वा यस कटारी न.पा. कार्यालयको नाममा रा.बा.बैंक, गाईघाटमा रहेको धरौटी खाता नं. २०५०३०३००७१०२ मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ वा कम्तिमा १२० दिन म्याद भएको जमानत पत्र (बिडबण्ड) सक्कल प्रति पेश गर्नुपर्नेछ ।

४) सिलबन्दि बोलपत्र दर्ता गर्ने, खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय समयभित्र खोलिनेछ ।

५) बोलपत्र स्वीकृत भएको सुचना दिएको १५ दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ र सम्झौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा उल्लेखित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्य सम्पादन जमानत बापत पेश गर्नुपर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक जमानतमा परिणत गर्न पाईनेछैन ।

६) बोलपत्र दाताले कबोल गरेको दर भाउ अंक र अक्षरमा केरमेट नगरी,स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ । केरमेट वा थपघट गर्नुपर्ने भएमा बुझिने गरी सो काटिएको वा थपिएको ठाउँमा आधिकारिक व्यक्ति को हस्ताक्षर हुनुपर्नेछ ।

७) सिलबन्दि बोलपत्रदाताले बोलपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम खरिद गर्नु पर्नेछ । आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको बोलपत्र फाराम मान्य हुनेछैन ।

८) रित नपुगेको, म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दि बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

९) पेश हुन आएका बोलपत्रहरुको आईटमवाईज स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै बोलपत्रमा उल्लेखित भएका औपधिहरुको परिमाणमा थपघट हुन सक्नेछ ।

१०) कार्यालयमा कम्प्युटर, ल्यापटप तथा प्रोजेक्टर आपुर्ति गर्दा लाग्ने ढुवानी शुल्क तथा करहरु बोलपत्रदाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

११) एक बिक्रेताको नाउँमा बिक्री भएको बोलपत्र अर्को बिक्रेताको नाउँमा दाखिला गर्न पाउने छैन ।

१२) यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु **सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावलि, २०६४** तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

१३) सिलबन्दि बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपसिल**

| क.स. | विवरण | धरौटी रकम | कैफियत |
| --- | --- | --- | --- |
| ०१ | विद्यालयको लागि ९ थान ल्यापटप, २४ थान डेस्कटप, ९ थान प्रिन्टर र ९ थान प्रोजेक्टर | कबोल गरेको कुल अंकको २.५ प्रतिशत | मु.अ.कर सहित |

प्रमुख प्रशासकीय अधिकृत

## प्रतिबन्धपछिको......

तत्कालका लागि सामाजिक न्याय हुने गरी अवसर र स्रोतमाथिको अधिकार बाँडफाँट भएन । र, सबैभन्दा ठूलो पक्षपाति' सँगै राजनीति गरेका, सँगै लडेका र जीवनको महत्वपूर्ण हिस्सा जनयुद्धको भुमरीमा बिताएका एकथरी खुला जीवनका अनेक अवसर समातेर माथिमाथि पुगे, अर्काथरीले समात्न सकेनन् । यी असन्तुष्टिलाई संगठित गर्दा फेरि समाजलाई नयाँ संघर्षमा होम्न सकिन्छ र त्यसबाट एउटा तहको राजनीतिक शक्ति आर्जन गरेपछि आफू शक्तिमा पुग्ने गरी सम्झौतामा पुग्न सकिन्छ भन्ने महत्वाकांक्षा विप्लवमा पलाएपछिको विकास नै अहिलेको विप्लव समूहको आधार हो । सशस्त्र विद्रोहका माध्यमबाट सत्ता कब्जा गर्न असम्भव छ भन्ने विषयमा विप्लव पनि हामीजत्तिकै प्रस्ट छन् भन्नेमा मेरा द्विविधा छैन ।

अर्को कुरा पनि यसमा ध्यान दिइनु जरुरी छ । जनयुद्ध, ०६२/६३ को जनआन्दोलन र मधेसी, जनजाति र महिला तथा दलितका आन्दोलनका अपेक्षा पुरा भएका छैनन् । वर्गीय समस्या ज्युँकात्युँ छन् । सत्तामा हुने या राज्यमा पहुँच हुनेले सुविधाको जीवन बिताएको र अरु आमसाधारण नागरिकको दैनिक जीवन भने संकटग्रस्त नै रहेको पनि यथार्थ हो । यस्तो बेला असन्तुष्टि आमप्रवृत्ति बन्छ । दैनिक रुपमा आउने प्रतिक्रिया हेर्दा देखिन्छ, असन्तुष्टि सत्तारुढ दलका नेतामा र कार्यकर्ता दुवैमा पनि छ, प्रतिपक्ष त यसै असन्तुष्टि पालेरै हिँड्ने अभिशप्त प्रजाति हो । किसान असन्तुष्ट छ र पुँजीपति पनि । बेरोजगार त असन्तुष्ट हुने नै भयो, सानोतिनो रोजगारी पाएको पनि असन्तुष्ट छ । विदेसिएको कामदार पनि असन्तुष्ट छ, यता विदेश जान नपाएको पनि त्यस्तै अवस्थामा छ । कतिपयसम्म भने जग्गा दलाल र सेयर बजारका दलाल पनि, बैंकर र ऋणी पनि असन्तुष्ट छन् । यी असन्तुष्टिका कतिपय विषय संरचनागत परिवर्तनसँग जोडिएका छन् । यसको हल हुन्छ भन्ने विश्वास सिर्जना गर्ने काम सरकार र मूलधारका राजनीतिक दलको हो । नेतृत्वको हो । यसलाई क्यास गर्ने काम विद्रोह गर्छु भन्नेको हो ।

यी पृष्ठभूमिमा नेपालमा वर्गीय दृष्टिले आमश्रमजीवी वर्गका अधिकार र निम्नमध्यम वर्गका समस्या हल गर्ने गरी राज्य पक्षलाई दबाब निरन्तर दिइरहने राजनीतिक ठाउँ खाली छ । विप्लव समूहले जुन असन्तुष्टिलाई आफ्नो संगठन विस्तारको आधार बनाएको छ, त्यो शान्तिपूर्ण राजनीतिक 'स्पेस' उपयोग गरेर शक्ति आर्जनका लागि पर्याप्त छ । सशस्त्र विद्रोह र हत्या-हिंसाको जुन बाटो लिन खोजिँदै छ, त्यो अब जनयुद्ध बन्दैन, त्यसको त प्यारोडी मात्र बन्ने हो भन्ने विप्लवले बुझ्नु जरुरी छ । उनका लागि शान्तिपूर्ण राजनीतिमा अवतरण हुने या फिरन्ते विद्रोहीका रूपमा केही वर्ष भौँतारिने भन्ने दुई मात्र विकल्प छन् ।

यता, राज्य पक्षका दुई समस्या छन् । उसले कुनै पनि हिंसात्मक गतिविधि गरिरहेको समूहलाई नियन्त्रण गर्ने दायित्वबाट विमुख हुन मिल्दैन । सँगै असन्तोषका आधार भत्काउने नीतिगत र संरचनागत परिवर्तन नगरीकन दमनका माध्यमबाट मात्र यस्ता असन्तोषलाई सम्बोधन गर्न सकिन्न । दमन समस्याको समाधान होइन । दमन कुनै हिंसात्मक समूहको हिंसाप्रतिको मोह अन्त्य गर्ने तहसम्म मात्र लानु वाञ्छनीय हुन्छ । यसैले अहिले विप्लव समूहमाथि लगाइएको प्रतिबन्धको राजनीतिक उपयोग उसलाई हिंसात्मक गतिविधिबाट शान्तिपूर्ण राजनीतिमा फर्किन बाध्य पार्ने तहसम्म मात्र हुनुपर्छ । सरकार सो समूहसँग वार्ता र संवादका लागि जहिले पनि तयार हुनुपर्छ । शान्तिपूर्ण राजनीतिमा फर्कने स्पेस उपलब्ध गराउन प्रयास गरिरहनुपर्छ । सिके राउत

रहनुपर्छ ।


## नेपाल नेत्र ज्योति संघ उदयपुरको अनुरोध





अमर मिडिया प्रा.लि.द्वारा प्रकाशित
जनभाव JANABHAV DAILY दैनिक
सम्पादक : जीवनाथ धद्दाल, कार्यकारी सम्पादक विदुर कट्टुवाल (बैरागी)
कार्यालय : त्रियुगा नगरपालिका-११ गाईघाट उदयपुर, सम्पर्क : ०३५४२१८०८, Email : janabhavnews@gmail.com,
मुद्रक : क्वालिटी अफसेट प्रेस, त्रियुगा नगरपालिका-११, गाईघाट ०३५४२०८६२,
facebook.com/janabhav, @janabhav, www.gaupalika.com